जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ४७ २०८२ साल भदौं २७ गते शुक्रबार (12 Sep 2025 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : संवैधानिक रूपमा निकास खोज्न. ३ पृष्ठमा : अधिकांश मन्त्रालयका ... ३ पृष्ठमा :इजरायलले यमनबाट प्रहार...

# स्थानीय प्रशासनले कफ्र्यु खुकुलो पारेपछि किनमेल गर्दै सर्वसाधारण

**दैनिक समाचारदानता**
**राजविराज, २६ भदौ ।**

स्थानीय प्रशासनले अनिश्चितकालिन कर्फ्युको आदेश खुकुलो पारेपछि राजविराजमा बिहीबार साँझ किनमेल गर्नेको चहलपहल बढेको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीले मंगलबार दिउँसो ३:३० बजेदेखी अनिश्चितकालिन कर्फ्य आदेश जारि गरेको थियो ।

जिल्ला सुरक्षा समितिको बिहीबार बसेको बैठकले विहान १० बजेदेखि ५ बजे सम्म र बेलुका ७ बजेदेखि शुक्रबार विहान ६ बजे सम्मका लागि कर्फ्युको आदेश जारी गरेपछि राजविराजमा किनमेल गर्नेको चहलपहल बढेको हो ।

जेनजी आन्दोलनकारीहरुले मंगलबार गरेको प्रदर्शनले उग्ररुप लिदै सरकारी कार्यालयहरुमा आगजनी गरेपछि सोही दिन दिउसो साढे ३ बजे जिल्ला प्रशासन कार्यालय सप्तरीले कर्फ्युको आदेश जारी गरेको थियो ।

जिल्ला सुरक्षा समिति बैठकको निर्णयानुसार बिहीबार गतेदेखि अर्को आदेश नभएसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ क बमोजिम सप्तरी जिल्ला भरी तोकिएको सीमाना भित्र कसैले आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्युको आदेश जारी गरिएको प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले जानकारी दिए ।



कर्फ्युको आदेश जारी भएपछि सुरक्षाको कमाण्ड नेपाली सेनाले लिएको थियो । आम सर्वसाधारणको आवश्यकतालाई मध्यनजर गर्दै कर्फ्युको केही खुकुलो पारिएको सप्तरीका प्रमुख जिल्ला अधिकारी पोखरेलले बताए ।

उनले बिहीबारको स्थितिको समिक्षा गर्दै शुक्रबार विहान कर्फ्युको सम्बन्धमा थप निर्णय गरिने उनले जानकारी दिए ।

कर्फ्युको आदेशजारी भएपछि दुई दिनदेखि सुनसान राजविराजमा नेपाली सेनाले सुरक्षाको कमाण्ड लिएदेखि जिल्लामा कुनै अप्रिय घट्ना भएको छैन् ।

# दुर्घटनामा घाइते भएकी महिलाको उपचारको क्रममा मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २६ भदौ ।**

मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा घाइते भएकी एक महिलाको उपचारका क्रममा बुधबार मृत्यु भएको छ ।

मृत्यु हुनेमा मोटरसाइकल पछाडी सवार सोही पालिका वडा नं. ७ बस्ने ५५ वर्षिया कान्ति देवी दास रहेको प्रहरीले जनाएको छ ।

गत भदौं १८ गते सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका ११ हनुमाननगर कुनौली कोशी बाँध सडक खण्डमा हनुमाननगरबाट कुनौलीतर्फ जादै गरेको स.२ प. ११९२ नं. को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भएको थियो ।

सो दुर्घटनामा परि मोटरसाइकल पछाडी सवार दास घाइते भएकी थिइन् । उनलाई उपचारका लागि बिराटनगरस्थित नोवल अस्पतालमा भर्ना गरिएको थियो । सोही अस्पतालमा उपचारकै क्रममा भदौं २५ गते मृत्यु भएको प्रहरीले जनाएको छ ।

मोटरसाइकल चालक सोही वडा निवासी ४५ वर्षिय अशोक कुमार दासलाई जिल्ला प्रहरी कार्यालय मोरडले नियन्त्रणमा लिई सप्तरी प्रहरीलाई बुझाएको छ ।

# करेन्ट लागेर महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २६ भदौ ।**

राजबिराज वडा नं. १० दिघवाकी एक महिलाको करेन्ट लागेर मृत्यु भएको छ । मृत्यु

*बाँकी अन्तिम पृष्ठमा*

# फरार ४२ जना कैदीबन्दी पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २६ भदौ ।**

कारागार कार्यालय सप्तरीबाट बुधवार फरार भएका कैदीबन्दीहरु मध्येबाट ३७ जनालाई प्रहरीले पक्राउ गरेको छ । कारागार कार्यालय सप्तरीमा रहेका ३ सय ९७ जना कैदी मध्ये २ सय ५ जना फरार भएका थिए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतमकुमार केसीले पक्राउ पर्ने क्रममा ५ जना भ्रुम्का कारागारबाट फरार कैदीलाई पनि पक्राउ गरिएको जानकारी दिएका छन् ।

राजविराज नगरपालिका वडा नम्बर ६ स्थित रहेको कारागार कार्यालय सप्तरीबाट फरार अझै १ सय ६८ कैदीको खोजी कार्य भईरहेको उनको भनाई छ ।

उनले भारतको विहार राज्यसंग जोडिएको कुनौली तथा सखडा बोर्डर बन्द गरी खोजी कार्यलाई तिब्र बनाईएको र सर्च अप्रेसन जारी रहेको जानकारी समेत दिए ।

बुधवार कारागार भित्र कपडा तथा दाउराहरूमा आगजनी गरी हो-हल्ला गरेपछी प्रहरीले के भएको भन्ने बारे जाने क्रममा कैदीहरु मेन गेटबाटै प्रहरीलाई झुक्याएर फरार भएका थिए ।

कारागारमा आगलागीबाट पहिलो तल्लाको १ कोठा भवनमा क्षति, १० थान टिभि, लत्ताकपडा, पानी तान्ने मोटर एक थान, सिलिङ पङखा १३ थानलगायत नष्ट भएको छ । प्रहरीले स्थिति नियन्त्रणमा लिन नेपाली सेना र सशस्त्र प्रहरीको सहयोग लिई ५२ राउण्ड फायर समेत गरेको थियो ।

# अस्पतालमा मृत्यु हुनेको संख्या ३४ पुग्यो

काठमाडौं, २६ भदौ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'जेनजी' आन्दोलनमा परी अहिलेसम्म अस्पतालमा ३४ जनाको मृत्यु र एक हजार बढी घाइतेहरूको उपचार भएको जनाएको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार देशभरका ४१ अस्पतालमा ३४ जनाको मृत्यु र एक हजार ३६८ जनाको उपचार भएको छ । मन्त्रालयले जेनजी आन्दोलनका क्रममा मृत्यु र घाइते भएकाको विवरण विभिन्न अस्पतालमा सम्पर्क गरी सार्वजनिक गरेको जनाएको छ ।

निजामती कर्मचारी अस्पतालमा छ, राष्ट्रिय ट्रमा सेन्टरमा आठ, एभरेष्ट अस्पतालमा तीन, काठमाडौं मेडिकल कलेज सिनामङ्गलमा दुई, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा एक, बयोधा अस्पतालमा दुई, फ्रन्टलाइन अस्पतालमा तीन, बी एन्ड सी अस्पताल विर्तामोडमा एक, विर्तासिटी अस्पतालमा एक, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा दुई र भेरी अस्पतलालमा पाँच गरी ३४ जनाको निधन भएको जनाइएको छ ।

त्यसैगरी अहिले ३२१ जना घाइतेको भर्ना भई उपचार भइरहेको छ । सचिव डा विकास देवकोटाका अनुसार अहिले पनि निजामती कर्मचारी अस्पतालमा ४८, ट्रमा सेन्टरमा ५८, त्रिवि शिक्षण अस्पतालमा २५ र काठमाडौं मेडिकल कलेजमा ३५ र वीरेन्द्र सैनिक अस्पतालमा २६ जनाको उपचार भइरहेको छ । उहाँका अनुसार ९४९ जना उपचारपश्चात् घर फर्किसकेका छन् ।

# वडा कार्यालयमा तोडफोड र आगजनी

**दैनिक समाचारदाता**
**राजविराज, २६ भदौ ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ भारदहस्थित वडा कार्यालयमा जेनजी आन्दोलनकारीले तोडफोका

*बाँकी अन्तिम पृष्ठमा*

**चराचुरुङ्गीको संरक्षण गरौं**

चराचुरुङ्गीले:

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा–फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुर्‍याउँछ,
- खेतीपातीमा विषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरु विभिन्न स्थानमा फाली नयाँ बोटबिरुवा उम्रनमा सहयोग पुर्‍याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुर्‍याउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पुर्‍याउँछ,
- जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा बृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुर्‍याउँछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जनकपुरधामको सरकारी कार्यालयहरूको सेवा प्रवाहमा समस्या

जनकपुरधाम, २६ भदौ (रासस)।

मधेस प्रदेशको राजधानी जनकपुरमा भ्रष्टाचार अन्त्यसहित सुशासनका पक्षमा भएको प्रदर्शनका क्रममा सरकारी कार्यालयहरूमा तोडफोड तथा आगजनी भएपछि सेवा प्रभावित भएको छ ।

'जेनजी' पुस्ताका नाममा भएको सो प्रदर्शनमा जनकपुरका सरकारी कार्यालयहरूमा तोडफोड एवं आगजनी हुँदा सेवा प्रभावित भएको जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ ।

स्थानीय जनतालाई दैनिक प्रत्यक्ष रूपमा सेवा दिने सङ्घीय, प्रदेश तथा स्थानीयअन्तर्गत निकायका कार्यालयहरूको कम्प्युटर, इन्टरनेट सेवा तथा फाइलहरूमा आगलागी तथा तोडफोड भएपछि सेवा प्रभावित भएको धनुषाका प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्यले जानकारी दिनुभयो ।

कर्मचारीहरू कार्यालय पुगे पनि काम गर्न सक्ने अवस्था नभएको र यथासक्य कामकाजलाई सहज बनाउने प्रयास भइरहेको प्रमुख जिल्ला अधिकारी आचार्यले स्पष्ट गर्नुभयो । उहाँका अनुसार अधिकांश कार्यालयहरू जलेर कालो भएका, फर्निचर क्षतिग्रस्त अवस्थामा रहेका, कार्यकक्षका कम्प्युटर एवं दराजसहित कार्यालयका सवारी साधन आगोले जलेका अवस्थामा देखिन्छ ।

प्रदर्शनका क्रममा जनकपुरमा एक दर्जनभन्दा बढी कार्यालहरूमा क्षति पुगेको छ । यस्तै विभिन्न पार्टीका कार्यालय भवन, सार्वजनिक भवन तथा पार्टीका नेताहरूको घरमा समेत आगजनी भएको जिल्ला प्रसाशन कार्यालय धनुषाले जनाएको छ । धनुषा जिल्लामा भएको क्षतिको विवरण सङ्कलन भइरहेको बताउँदै प्रमुख जिल्ला अधिकारी आचार्यले आगलागीले कार्यालयहरूमा रहेका कम्प्युटर, कुर्सीटेवल, दराज, सोफा, महत्वपूर्ण फाइल तथा महत्वपूर्ण दस्तावेजहरू पूर्ण रूपमा जलेर नष्ट भएकाले कार्यालयहरूको कार्य सञ्चालनमा समस्या देखिएको प्रमुख जिल्ला अधिकारी आचार्यले जानकारी दिनुभयो ।

प्रदर्शनकारीका कारण जनकपुरधामस्थित जनकपुरधाम उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय, आन्तरिक राजस्व कार्यालय, यातायात कार्यालय, भन्सार कार्यालय, जिल्ला ट्राफिक कार्यालय, प्रहरी चौकीहरू, मधेस प्रदेश भवनभित्र रहेका मधेस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय, सिँचाइ मन्त्रालय, मुख्यमन्त्रीको कार्यालय, मधेस प्रदेश सरकारको कृषि मन्त्रालयसहितका सरकारी कार्यालयको कामकाज प्रभावित भएको देखिन्छ ।

यसैगरी प्रदेशसभा भवन, जनकपुरधाम उपमहानगरपालिकाको विभिन्न वडा तथा नेताका भवन, सार्वजनिक भवन तथा विभिन्न पार्टीका कार्यालय भवनमा आगो लगाएर क्षति पुगेको जिल्ला प्रहरी कार्यालय धनुषाका नायब प्रहरी उपरीक्षक बरुणबहादुर सिंहले जानकारी दिनुभयो । यसैबीच धनुषा जिल्लामा रहेका बैङ्क तथा वित्तीय संस्थाहरू बिहीबार पनि बन्द रहेका छन् । यसबाट समग्र जिल्लावासीको जनजीवन प्रभावित भएको छ । जिल्लामा शान्तिसुरक्षा, अमनचयन कायम गर्नका लागि नेपाली सेनाले ठाउँठाउँमा सुरक्षाका लागि अनुगमन तथा 'माइकिङ' गरिरहेको पाइएको छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# संवैधानिक रूपमा निकास खोज्न महासङ्घको आग्रह

काठमाडौँ, २६ भदौ (रासस)।

नेपाल पत्रकार महासङ्घले सङ्क्रमणकालीन अवस्थाको अन्त्यसहित शान्तिपूर्ण समाधानका लागि पहल गर्न राष्ट्रपतिसमक्ष आग्रह गरेको छ ।

महासङ्घका अध्यक्ष निर्मला शर्माले बिहीबार एक विज्ञप्ति जारी गर्दै मूलतः वर्तमान संविधानले निर्धारण गरेको प्रक्रिया र संस्थाहरूमार्फत समाधान खोज्दै मुलुकलाई सहज निकास दिनुपर्ने माग गर्नुभएको हो ।

मुलुकको निकास गर्ने क्रममा राष्ट्रपतिले वार्ताका लागि जेनजी प्रतिनिधिलाई आह्वान गरिसक्नुभएको अवस्थामा सुरक्षा निकायले सहजीकरण गरी यथाशीघ्र अन्तरिक सरकार बनाउने कार्यको पहल राष्ट्रपतिबाट हुनुपर्नेमा महासङ्घले जोड दिएको छ ।

यस प्रक्रियाका लागि सहजीकरण गर्न पत्रकार महासङ्घलगायत छ वटा पेसागत सञ्जाल पापड तयार रहेको जनाइएको छ । "सबै राजनीतिक समस्या समाधानको प्रयास राष्ट्रपति कार्यालयबाट हुनुपर्छ, जङ्गी अड्डाबाट होइन भन्ने महासङ्घको ठहर छ । पछिल्लो समय शान्तिसुरक्षा कायम गर्न सेनाले खेलेको भूमिका सराहनीय छ", महासङ्घद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

जेनजी पुस्ताले उठाएको संरचनात्मक सुधारका मागलाई समेट्दै लोकतान्त्रिक गणतन्त्रको संरक्षण गर्दै थप उपलब्धि हासिल गर्न जरुरी रहेको उल्लेख गर्दै महासङ्घले संयम र संवेदनशील भएर इतिहासको यो कठिन र निर्णायक मोडमा जिम्मेवार बन्न सबै सरोकार भएका पक्षलाई हार्दिक अपिल गरेको छ ।

महासङ्घ लोकतन्त्र, मानव अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि निरन्तर वकालत गर्दै आएको भन्दै अहिले सरकारले राजीनामा दिएको र अर्को सरकार बनिनसकेकाले मुलुक सङ्क्रमणकालीन अवस्थामा रहेको अवस्थामा शीघ्र मुलुकको निकास खेज्नुपर्ने विज्ञप्तिमा उल्लेख छ ।

महासङ्घले भ्रष्टाचार नियन्त्रण र सुशासनको माग राखेर भएको युवा पुस्ताको प्रदर्शनका क्रममा निधन भएकाप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामनासमेत गरेको छ ।

जनतालाई सुसूचित गर्न र शान्ति र लोकतन्त्रका लागि सधैँ क्रियाशील रहने पत्रकारहरू र सञ्चारमाध्यमलाई प्रदर्शनकारीले निशाना बनाइएको दुःखद् भएको अध्यक्ष शर्माद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

# संयम, संवाद र एकताका साथ समाधान पहिल्याऔँ : कांग्रेस महामन्त्रीद्वय

काठमाडौँ, २६ भदौ (रासस)।

नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले वर्तमान विषम परिस्थितिमा वार्ता र संवादमार्फत निकास दिन राष्ट्रपतिले लिनुभएको पहलकदमीको स्वागत गर्नुभएको छ ।

उहाँहरुले बुधबार संयुक्त वक्तव्यमार्फत सबै पक्षसँग आवश्यक परामर्श गरी संवादबाट समाधान खोज्न आग्रह गर्नुभएको हो । नेपाली सेनालगायत सबै सुरक्षा निकायहरूले शान्तिसुरक्षा कायम गर्न आआफ्नो स्थानबाट गरिरहेको प्रयास र संवादलाई आमनागरिक, नागरिक समाज, सञ्चारजगत्, अन्तरराष्ट्रिय समुदाय सबै तहबाट साथ-सहयोगका लागि उहाँहरुले अपिल गर्नुभएको छ ।

जेनजी युवाले सुरु गरेको आन्दोलनका क्रममा जीवन गुमाएका होनहार युवाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै महामन्त्रीद्वय थापा र शर्माले परिवारजनमा गहिरो समवेदना अर्पण गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ ।

यही भदौ २३ र २४ गते दुई दिनमा भएका घटनाक्रमपछि देशलाई शान्ति र पुनर्निर्माणको दिशामा अघि बढाउन सबैपक्षले संयम र एकतासाथ प्रस्तुत हुन जरुरी रहेको उल्लेख गर्नुभएको छ । उहाँहरुले मुलुकको समुन्नति र सुन्दर भविष्यका लागि लोकतान्त्रिक प्रणालीको बाटोलाई नवीन ढङ्गले सुनिश्चित गर्ने गुरुत्तर दायित्वप्रति सबै गम्भीर बन्न आवश्यक रहेकामा जोड दिनुभएको छ ।

"हामी यो पहललाई जेनजी पुस्ताको भावनाबमोजिम नै निष्कर्षमा पुऱ्याउन आग्रह गर्दछौँ । त्यसो गर्दै गर्दा 'आवश्यकताको सिद्धान्त'बमोजिम हुने निर्णयलाई पनि संविधानबमोजिम वैधानिक बाटोबाट नै अगाडिको यात्रा तय गर्न सकिन्छ र गर्नुपर्छ भन्ने कुराको स्मरण गराउन चाहान्छौँ", जारी विज्ञप्तिमा उल्लेख छ ।

विधिविहीनताले थप अराजकता निम्त्याउने उल्लेख गर्दै उहाँहरुले वार्ताका क्रममा राष्ट्रपति र जेनजी पक्षलाई आग्रह गर्नुभएको छ । महामन्त्रीद्वयले भन्नुभएको छ, "अब देश चलाउन र निर्वाचन गर्न नयाँ राजनीतिक संरचना बनाउँदा देशमा लामो संवैधानिक रिक्तता र शुन्यता आउन नदिन हरसम्भव वैधानिक उपाय अपनाइयोस्, संविधान र लोकतान्त्रिक बाटोबाट नै समाधान खोज्दै यो बेथितिको अन्त्यको मार्गचित्र तय गरियोस् । त्यसमा हाम्रो समर्थन रहनेछ ।"

उहाँहरुले सोमबारको प्रदर्शनका दिन अत्यधिक बल प्रयोगबाट भएको गम्भीर अपराधको उच्चस्तरीय आयोग मार्फत गहिरो छानबिन गरेर दोषीलाई कानुनी कावाहीको दायरामा ल्याउन ध्यानाकर्षण गराउनुभएको छ ।

"सामाजिक सञ्जाल खोल्न र पदत्याग गर्न हामीले गरेका आग्रह र दबाब स्वीकार्न प्रधानमन्त्रीले ढिलाइ गर्दा स्थिति थप चर्किएको र अनियन्त्रित भएको तथ्य स्वीकार्न जरुरी छ", महामन्त्रीद्वयले उल्लेख गर्नुभएको छ, "हाम्रो पटकपटकको आग्रहका बाबजुद परिस्थितिलाई नजरअन्दाज गर्नु, राजनीतिक नेतृत्वले स्थितिको सही आँकलन आफू गर्न सक्नुपर्छ या अरुले दिएको सही सुझावलाई समयमै ग्रहण गर्न सक्नुपर्छ, यो यथार्थ आत्मसात् गर्न प्रधानमन्त्रीले ढिलाइ गर्दा जो मानवीय क्षति भयो त्यसबाट सिङ्गो मुलुक र संसारभरका सबै नेपाली स्तब्ध र अत्यन्तै दुखित छौँ ।"

कैयौँ सरकारी कार्यालय, मिडिया हाउस, व्यावसायिक प्रतिष्ठान आदिमा गरिएको आगजनी अत्यन्तै दुःखद् र निन्दनीय रहेको उल्लेख गर्दै उहाँहरुले जेनजी आन्दोलनकारीको भावना र घोषणाभन्दा बाहिर आन्दोलनको हुलमलमा नियतबस पसेकाहरूले योजनाबद्ध रुपमा यो विध्वंश गरेका बताउनुभएको छ ।

अब फेरिएको यस परिस्थितिमा युवाको आकाङ्क्षा र अपेक्षाअनुसार जिम्मेवार राजनीति गर्ने दलका रुपमा कांग्रेसलाई जरैदेखि सम्पूर्ण रुपमा पुनर्निर्माण गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

उहाँहरुले अहिलेको विषम र अस्थिर परिस्थितिबाट उठ्न र पुनर्निर्माणमा जुट्न संयम, संवाद र एकता अपरिहार्य रहेको उल्लेख गर्दै अत्यन्तै कठिन अवस्था र प्रतिकूलताबीच पनि 'सामाजिक एकता र सद्भाव' कायम गर्न सबैमा आह्वान गर्नुभएको छ ।

# स्थितिलाई सामान्य बनाउन सबै पक्षलाई आयोगको आग्रह

काठमाडौँ, २६ भदौ (रासस)।

राष्ट्रिय मानवअधिकार आयोगले स्थितिलाई सामान्य बनाउन सबै पक्षलाई आग्रह गरेको छ ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले विज्ञप्ति जारी गर्दै सङ्कटको यस घडीमा स्थितिलाई सामान्य बनाउन राज्यका सबै निकाय र आमनागरिकको सकारात्मक र सक्रिय भूमिका आवश्यक भएकाले सबैले आआफ्नो भूमिका निर्वाह गर्न आयोगले आग्रह गरेको बताउनुभएको छ ।

आयोगले वर्तमान अन्योलताबाट देशले यथाशीघ्र राजनीतिक निकास पाउनुपर्ने बताउनुभयो ।

"लोकतन्त्रको विकल्प लोकतन्त्र मात्र हुन सक्दछ भन्ने कुरामा आयोग दृढ छ । अतःजनताका हकअधिकारलाई थप मजबुत र सुरक्षित बनाउँदै लोकतान्त्रिक विधि र प्रक्रियाबाट नै वर्तमान अन्योलताबाट देशले यथाशीघ्र राजनीतिक निकास पाउनु पर्दछ", आयोगले भनेको छ ।

आयोगले देश विषम अवस्थामा रहेको वर्तमान सन्दर्भमा सबैपक्ष संयमित हुनु पनि आग्रह गरेको छ ।

"विगत दुई दिनमा घटेका हिंसात्मक कार्य, आगजनी र तोडफोडले देशको ठूलो जनधनको क्षति भएको दुःखद् घटनाप्रति सबैको चिन्ता हुनु स्वाभाविकै हो । अब यसप्रकारका घटना हुने छैनन् भन्ने कुरामा विश्वस्त हुँदै कोही कसैले पनि हिंसात्मक कार्य नगर्न नगराउन हुन आयोग सबैमा आह्वान गर्दछ", आयोगले अगाडि भनेको छ ।

आयोगले सम्बद्ध सबै पक्षले देश र जनताप्रतिको जिम्मेवारी मनन गर्दै वर्तमान अन्योलताको अवस्थाबाट अगाडि बढ्नु आवश्यक रहेको भन्दै यसका लागि राष्ट्रिय मानव अधिकार आयोग आवश्यक भूमिका निर्वाह गर्न सदैव तत्पर रहेको बताएको छ ।

आयोगका प्रवक्ता डा पोखरेलले काठमाडौँलगायत देशका विभिन्न भागमा भदौ २३ र २४ गते भएको जेनजी पुस्ताको प्रदर्शन र त्यसपछिको उत्पन्न अवस्थाका सम्बन्धमा आयोगले अनुगमनलाई निरन्तरता दिएको जनाएको छ ।

उहाँले देशका विभिन्न सहरमा भएको दुई दिनको प्रदर्शनपश्चात् लागेको निषेधाज्ञाको समयमा समग्र मानवअधिकारको स्थिति एवं मृतकका परिवार र घाइतेहरूको अवस्था बुझ्ने कार्यलाई आयोगले निरन्तरता दिएको जनाउनुभएको छ ।

# पर्साका बालसुधारगृहबाट भागेका ६७ बालबिज्याइकर्ता फरार

पर्सा, २६ भदौ (रासस)।

पर्साको बालसुधारगृह तोडफोड गरेर भागेका ६७ बालबिज्याइकर्ता किशोर अझैसम्म पनि फरार रहेका छन् ।

गत मङ्गलबार रातको समयमा बालसुधारगृह तोडफोड गरेर भागेका उनीहरू अझैसम्म पनि पक्राउ परेका छैनन् । बालसुधारगृहका कार्यालय प्रमुख टीकाकृष्ण काफ्लेले बालसुधारगृहबाट भागेका ३३ जनालाई पर्सा प्रहरीले पक्राउ गरेर हिरासतमा राखेको जानकारी दिनुभयो ।

"गत मङ्गलबार राति बालसुधारगृहबाट भागेका ६७ जना अहिलेसम्म पनि सम्पर्कमा आएका छैनन्", उहाँले भन्नुभयो, "फरार भएका बालसुधारगृहका बालबिज्याइकर्ताका अभिभावकलाई सम्पर्क गरेर तुरुन्तै सुधारगृहमा ल्याउनका लागि अनुरोध गरेका छौँ, उनीहरू नआएको खण्डमा अर्को मुद्दा चल्नेछ ।"

बालसुधारगृहमा १४२ जना बालबिज्याइकर्ता रहेका छन् । जिल्ला प्रहरी कार्यालयका प्रमुख गौतम मिश्रले बालसुधारगृहबाट भागेका किशोरहरूको खोजी कार्य तीव्र पारिएको जानकारी दिनुभयो । "बालसुधारगृहबाट भागेकाहरूको खोजी कार्य तीव्र बनाइरहेका छौँ", उहाँले भन्नुभयो, "केन्द्रीय कारागार तथा भीमफेदीको कारागारबाट फरार भएका छ जना कैदीलाई पक्राउ गर्न सफल भएका छौँ, फरार भएका बालबिज्याइकर्ताको खोजी कार्य तीव्र पारिरहेका छौँ ।"

बुधबार वीरगञ्ज कारागारमा

बाँकी तीन पृष्ठमा

# अधिकांश मन्त्रालयका महत्वपूर्ण संरचनामा अपुरणीय क्षति, लुटपाट कयौं सामग्री लुटपाट

काठमाडौं, २६ भदौ (रासस)।
भ्रष्टाचार नियन्त्रण, सामाजिक सञ्जालको निर्वाध सञ्चालन र युवा नेतृत्वका लागि जेनजी पुस्ताले आह्वान गरेको प्रदर्शनका क्रममा मुलुकले ठूलो भौतिक क्षति व्यहोर्नुपरेको छ। नयाँ बानेश्वरस्थित निषेधित क्षेत्र तोड्ने क्रममा सोमबार भएको झडपमा ठूलो मानवीय क्षति भएसँगै मङ्गलबार प्रदर्शनले उग्ररूप लिएको थियो।

त्यसक्रममा देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारसहित देशभरका महत्त्वपूर्ण संरचनामा अपुरणीय क्षति भएको छ। गोरखा भूकम्पपछि भर्खरै पुनःनिर्माण सम्पन्न भएको सिंहदरबारस्थित पुरातात्विक महत्त्वको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अधिकांश भाग जलेर नष्ट भएका छन्।

आगजनी भएको २४ घन्टासम्म पनि सिंहदरबारभित्रका अधिकांश मन्त्रालयका भवनबाट धुँवा आइरहेको छ। गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, अर्थ, शिक्षा विज्ञान तथा प्रविधि, सङ्घीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसङ्ख्या, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा बढी प्रभावित भएको देखिन्छ। यस्तै सिंहदरबारस्थित नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलको कार्यालय पूर्णरूपमा क्षति भएको छ।

सिंहदरबाभित्र पार्किङ गरिएका करिब एक हजार सवारी साधनमा आगजनी र तोडफोड भएको छ। आन्दोलनकारीले मन्त्रालयका कम्प्युटर, प्रिन्टर, ल्यापटप, कुर्सीलगायत महत्त्वपूर्ण सामग्री तोडफोड र लुटपाटसमेत भएको सम्बन्धित मन्त्रालयका कर्मचारीले जनाएका छन्। यसबाट राज्यलाई अरबौंको क्षति भएको अनुमान गर्न सकिन्छ।

प्रदर्शनकारीले राष्ट्रिय अनुसन्धान विभाग, केन्द्रीय क्यान्टिन, दुग्ध विकास संस्थानको बिक्री केन्द्रमा पनि लुटपाट, तोडफोड र आगजनी गरेका छन्। आन्दोलनकारीबाट भएको आगजनीबाट मन्त्रालयमा रहेका राज्य सञ्चालनसम्बन्धी महत्वपूर्ण कागजात छरपस्ट भएको देखिन्छ।

प्रदर्शनकारीको आक्रमणको निशानामा परेको प्रमुख प्रशासकीय केन्द्र सुनसान प्रायः रह्यो। सिंहदरबार परिसर बाहिर रहेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय पनि आगजनीबाट पूर्णरूपमा ध्वस्त भएको छ। त्यहाँ आगजनीबाट कार्यालय भवन, आवास, अत्यावश्यक रासन, करिब चार सयभन्दा बढी सवारी साधन र करिब दुई लाखभन्दा बढी सवारी चालक अनुमतिपत्र जलेर पूर्णरूपमा नष्ट भएको कार्यालयले जनाएको छ। आगजनीबाट मेट्रो ट्राफिक एफएम स्टेसन र भवनमा पनि ठूलो क्षति पुगेको देखिन्छ।

यसैगरी मुलुकको न्याय प्रशासनको प्रमुख केन्द्र 'सर्वोच्च अदालत' पनि आगजनीबाट क्षति भएको छ। आगलागीबाट त्यहाँ रहेका महत्त्वपूर्ण अभिलेख, फैसला, मिसिल र कागजातलगायत उपकरण र भौतिक संरचना नष्ट भएको अदालत प्रशासनले जनाएको छ। आगजनी नियन्त्रण र क्षति भएका भौतिक संरचनाको व्यवस्थापन तथा सरसफाइको काम सुरु भएको छ।

जेनजी पुस्ताको पूर्वनिर्धारित कार्यक्रमअनुसार आन्दोलनका क्रममा भएको फोहर व्यवस्थापनको काममा स्वतःस्फूर्त रूपमा नागरिक पनि खटिइएका छन्।

# संविधानको आधारमा जेनजीको माग सम्बोधन गर्नुपर्नेमा जोड

काठमाडौं, २६ भदौ (रासस)।
विभिन्न पार्टीनिकट विद्यार्थी सङ्गठनका १२ जना पूर्वअध्यक्षलगायतका विद्यार्थी नेताहरूले संविधानका आधारमा 'जेनजी' युवाको माग सम्बोधन गर्नुपर्ने धारणा राखेका छन्।

उनीहरूले बिहीबार प्रेस विज्ञप्ति जारी गरी संसद्बाटै राजनीतिक निकास खोज्दै संसद्भित्रबाटै नयाँ सरकार गठन गरी निर्वाचनको वातावरण बनाउनुपर्नेमा जोड दिएका हुन्। नेपाल विद्यार्थी सङ्घका पूर्वअध्यक्ष नैनसिंह महर, अनेरास्ववियुका पूर्वअध्यक्ष नविना लामा र अखिल क्रान्तिकारीका पूर्वअध्यक्ष रञ्जित तामाङलगायतले गणतन्त्र र संविधानको रक्षाका लागि दृढतापूर्वक उभिन पनि आह्वान गरेका छन्।

विज्ञप्तिमा भनिएको छ, "देशलाई अग्रगामी दिशामा लैजान, आन्दोलनरत युवा, विद्यार्थीहरू तथा आम जनताका मागको सम्बोधन, जनचाहनाअनुरुप संविधान संशोधनलगायतका कार्यहरू बृहत् राजनीतिक संवाद र सहमतिमार्फत मात्रै हुन सक्ने विषय भएको ठहर गरेका छौं।"

देशभर व्यापक लुटपाट र आगजनीका घटना भइरहेको परिस्थितिमा जनताको निजी, व्यावसायिक प्रतिष्ठान र सार्वजनिक सम्पत्तिको रक्षा गर्न, अपराधको कैद सजाय भोगिरहेका व्यक्तिहरू जेलबाट भागेको र तिनीहरूले समाजमा थप अपराध गर्ने भएको हुनाले जेलबाट भागेका सम्पूर्ण कैदीहरूलाई खोजी गरी नियन्त्रणमा लिन जोड्दार माग पनि गरिएको छ।

## खाद्य गोदामबाट हजारौं क्विन्टल चामल र चिनी लुटपाट

**दैनिक समाचारदाता**
**सिरहा, २६ भदौ।**

'जेन-जी' आन्दोलनका क्रममा मङ्गलबार साँझ लहानस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको गोदाममा तोडफोड र लुटपाट गरिएको छ। ठूलो समूहमा आएका उनीहरुले हजारौं क्विन्टल चामल र चिनी लुटेका छन्।

कम्पनीका लहान शाखाका सूचना अधिकारी अनिलकुमार महतोले भने, "गोदाममा भण्डारण गरिएको करिब सात हजार क्विन्टल जिरा मसिना चामल, ५०० क्विन्टल सोना मन्सुली चामल र तीन हजार ५०० क्वीन्टल चिनी लुटिएको छ।"

उनका अनुसार ट्राफिक प्रहरी कार्यालयमा आगजनी गरेपछि आन्दोलनकारीहरूले खाद्य गोदाममा आक्रमण गरेका थिए। लुटपाटपछि कार्यालयको चारपाङ्ग्रे सवारीसाधनमा आगजनी गरिएको छ। हाल नेपाली सेनासहितका सुरक्षाकर्मीहरूले सुरक्षा प्रदान गरेका छन्।

## पर्साका...

रहेका कैदीहरू भाग्न खोज्दा तीनवटै सुरक्षा निकायले अधिकतम सावधानी अपनाउँदा कैदी तथा थुनुवा भाग्नबाट रोकिएका छन्। पछिल्लो समय यहाँको कारागारको सुरक्षा व्यवस्थापन नेपाली सेनाले लिएको छ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०४/१४

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमावन्दी श्रेष्ता बमोजिम रैती नं. १ डम्वर थापा समशेरको नाममा कायम रहेका साविक प्रगन्ना जगदर मौजे लोखरम भटोतर सा.कि.नं. ५ को ज.वि. ८-३-८ मध्ये ०-१२-० हाल नपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. कोचावखारी वडा नं.३ हाल छिन्नमस्ता गा.पा. वडा नं. ५ बस्ने सोनाई कामैतको नाति दोरिक कामैतको छोरा लड्डु कामैतको यस कार्यालयमा द.नं. २३७९९ मिति २०८२/०१/०७ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०४/१४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५ | डम्वर थापा समशेर | कोचाबखारि | ४ | १२२ | ०-९-९ | लड्डु कामैत | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा दोरिक केवट र बौवा मंडरको तेरो मेरो झगडा जनिएको। |

भुपेन्द्र राई
प्रमुख मालपोत अधिकृत
प्रमुख मालपोत अधिकृ.


# विश्व समाचार

## इजरायलले यमनबाट प्रहार गरिएको क्षेप्यास्त्र रोकेपछि बढ्यो तनाव

साना, २६ भदौ (रासस/एएफपी)।
इजरायली सेनाले बिहीबार यमनबाट प्रक्षेपण गरिएको क्षेप्यास्त्र रोकेको जनाएको छ। यो कदम इजरायलले त्यहाँ हवाई आक्रमण गरी कम्तीमा ३५ जनाको ज्यान लिएर १३० भन्दा बढीलाई घाइते बनाएको एक दिनपछि आएको हो।

क्षेप्यास्त्र आक्रमणको जिम्मेवारी तत्काल कसैले नलिए पनि इरान समर्थित हुथी विद्रोहीहरूले अघिदेखि नै इजरायलमाथि मिसाइल र ड्रोन प्रहार गर्दै आएका छन्। उनीहरूले सन् २०२३ अक्टोबरमा हमासको आक्रमणपछि सुरु भएको गाजा युद्धसँगै बारम्बार आक्रमण गरेका हुन्।

"केही समयअघि यमनबाट प्रहार गरिएको क्षेप्यास्त्र रोकेपछि इजरायलका धेरै क्षेत्रमा साइरन बज्यो", इजरायली सेनाले टेलिग्राममा भनेको छ।

हुथी नियन्त्रणको राजधानी सानामा रहेको सशस्त्र बलको मिडिया अपरेसनले इजरायलले जोफ प्रान्तको विद्रोही कम्प्लेक्समा आक्रमण गरेको दाबी गरेको छ। त्यस क्रममा ३५ जनाको मृत्यु र १३१ जना घाइते भएको हुथी स्वास्थ्य मन्त्रालयका प्रवक्ता अनीस अलसबाहीले बताउनुभएको छ।

मृतकमध्ये २८ जना सानामा र सात जना जोफ प्रान्तमा रहेका थिए। सानामा मात्रै एक सय १३ जना र जोफमा १८ जना घाइते भएका छन्।

गत महिना साना क्षेत्रमा भएको सरकारी बैठकमा हुथी प्रधानमन्त्री अहमद घालेब नासेर अल-रहावीसहित नौ मन्त्री र दुई उच्च अधिकारी मारिएका थिए। यो गाजा युद्धपछि इजरायलसँगको वैमनस्यका क्रममा हुथी अधिकारीहरूको सबैभन्दा उच्च-प्रोफाइल हत्या मानिएको छ।

हुथी सेनाका प्रवक्ता याह्या सारीले मारिनेहरूमध्ये सेप्टेम्बर २६ र अल-यमन अखबारका पत्रकारहरू रहेको बताउनुभयो। इजरायलले पनि सशस्त्र बलको मिडिया अपरेसनसहित विभिन्न सैन्य लक्ष्यमा आक्रमण गरेको पुष्टि गरेको छ।

इजरायली सैन्य विज्ञप्ति अनुसार, लक्ष्यमा 'हुथी सैन्य शिविर, जनसम्पर्क मुख्यालय र आतङ्कवादी शासनद्वारा प्रयोग हुने इन्धन भण्डारण सुविधा' थिए।

हुथीहरूको अल-मासिराह टेलिभिजनले अल-हजम सहरस्थित सेन्ट्रल बैंक शाखामा समेत आक्रमण भएको र कर्मचारी घाइते भएको जनाएको छ। उनीहरूले हवाई रक्षासँग प्रतिरोध गरेको दाबी पनि गरेका छन्।

यसअघि आइतवार यमनबाट प्रक्षेपण गरिएको ड्रोनले दक्षिणी इजरायलको रामोन विमानस्थलमा आक्रमण गरी एकजना घाइते बनाएको थियो।

सन् २०२३ अक्टोबरदेखि हुथीहरूले इजरायलविरुद्ध निरन्तर ड्रोन र क्षेप्यास्त्र आक्रमण गर्दै आएका छन्। यसको प्रतिकारस्वरूप इजरायलले यमनका बन्दरगाह, पावर स्टेसन र सानाको अन्तर्राष्ट्रिय विमानस्थलजस्ता पूर्वाधारहरूमा प्रहार गर्दै आएको छ।

## भारी वर्षाका कारण चीनमा विद्यालय बन्द, यातायात अवरुद्ध

झेङ्झाउ (चीन), २६ भदौ (रासस/सिन्ह्वा)।
मध्य चीनको हेनान प्रान्तमा परेको अविरल वर्षाले विद्यालय बन्द हुनुका साथै यातायात प्रणालीमा अवरोध उत्पन्न गरेको छ। राजधानी झेङ्झाउमा बिहीबारदेखि नै रातो चेतावनी जारी गरिएको छ।

सहरले बाढी नियन्त्रण आपत्कालीन प्रतिक्रिया सुरु गरेपछि गैर-बोर्डिङ प्राथमिक तथा माध्यमिक विद्यालय र किन्डरगार्टेनहरूले कक्षा स्थगित गरेका छन्। साथै स्थानीय बासिन्दाहरूलाई अनावश्यक यात्रा नगर्न आग्रह गरिएको छ।

बिहीबार बिहानसम्म वर्षा र जलमग्न भएका कारण प्रान्तभरका दर्जनौं राजमार्ग टोल स्टेसनहरू बन्द गर्न वा सवारी आवागमनमा प्रतिबन्ध लगाउन बाध्य भएको यातायात अधिकारीहरूले बताएका छन्।

बुधबार बिहानदेखि बिहीबार बिहानसम्मको अवधिमा हेनानका विभिन्न क्षेत्रमा मुसलधारे वर्षा भएको थियो। जुचाङ, झोउको, लुओहे र नान्याङका धेरै भाग प्रभावित भएका छन्। जुचाङ, ताइकाङ र फुगौ काउन्टीहरूमा मात्र ४७ वटा वर्षा तथा आँधीबेहरी चेतावनी जारी भएको थियो।

राष्ट्रिय मौसम विज्ञान केन्द्रका अनुसार, बिहीबार बिहान ८ बजेसम्म जुचाङले २४ घण्टामा १६३.८ मिलिमिटर वर्षा रेकर्ड गरेको छ। यो देशकै उच्चतम हो।

प्रान्तीय यातायात अधिकारीहरूले बाढी नियन्त्रण तथा उद्धारका लागि १० हजारभन्दा बढी जनशक्ति परिचालन गरेको बताएका छन्।

# समाजद्वारा संयमता अपनाउन र शान्ति कायम राख्न अपिल

काठमाडौं, २६ भदौ (रासस)।

नेपाल कानुन समाजले गैर राजनीतिक व्यक्तिको नेतृत्वमा अन्तरिम सरकार गठन गरी कानूनी शासनको सहज वातावरण श्रृजना गर्न सुझाव दिएको छ। मुलुकको पछिल्लो राजनीतिक परिस्थितिबारे आफ्नो धारणा सार्वजनिक गर्दै समाजले त्यसको लागि प्रदर्शनकारी र सुरक्षा निकायलाई संयमता अपनाउन र शान्ति कायम गर्न अपिलसमेत गरेको छ।

जेनजी समूहले गरेको प्रदर्शनका क्रममा भएको घटनाबाट असिमित धनजनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै सम्बन्धित सरोकारवालाहरूमा थप धैर्य बन्न राज्यका सुरक्षा निकायहरू थप जिम्मेवार बन्न पनि समाजले अनुरोध गरेको छ।

जेनजी पुस्ताको अगुवाइमा नाताबाद-कृपाबाद, कुशासन भ्रष्टचार तथा सामाजिक सञ्जाल माथिको प्रतिबन्ध बिरुद्धमा यही भदौ २३ गते शान्तिपूर्ण प्रदर्शनको आह्वान गरेको थियो।

त्यसक्रममा गोली लागेर २० प्रदर्शनकारीको दुखद् मृत्यु र चार सयभन्दा बढी घाइते भएका थिए। समाजले संविधानप्रदत्त मौलिक हक प्रयोगका सिलसिलामा गरिएको कार्यक्रममा प्रदर्शनकारीको मृत्यु भएको घटनाले नागरिकको बाच्न पाउने अधिकार समेत हनन् भएको ठहर गरेको छ।

समाजले त्यस घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै मृतात्माको चीर शान्तिको कामनासहित शोकाकुल परिवारप्रति हार्दिक सम्वेदना व्यक्त गरेको छ।

प्रदर्शनकारीबाट उपत्यकाभित्रका सिंहदरबार, संसद् भवन, राष्ट्रपति कार्यालय, प्रधानमन्त्री कार्यालय, न्यायलयलगायत अन्य महत्तवपूर्ण स्थल र काठमाडौं बाहिर भएका व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमाथि आगजनी, तोडफोड, लुटपाट तथा नेता तथा तिनका परिवारमाथि साङ्घातिक आक्रमणको घट्नाप्रति गहिरो दुःख व्यक्त गरेको छ।

मुलुकमा शान्ति कायम राख्ने हामी सबै नागरिकको कर्तव्य भएको हुँदा बदलाको भावनाले नभई रचनात्मक राजनीतिक संवादबाट समाधान खोज्न समाजले सुझाव दिएको छ।

# भागेका कैदी तथा थुनुवा फर्कन थाले कारागार

महोत्तरी, २६ भदौ (रासस)।

गत मङ्गलबार साँझ 'जेनजी' आन्दोलनको आडमा महोत्तरी कारागारबाट भागेका कैदी/थुनुवा फर्कन थालेका छन्।

महोत्तरी कारागार प्रशासनले लहलहैमा भागेका कैदी/थुनुवालाई फर्कन अपिल गरेसँगै बुधबार राति तीन जना फर्केका कारागार कार्यालयका निमित्त प्रमुख रवीनचन्द्र ठाकुरले पुष्टि गर्नुभयो।

"बुधबार राति तीन जना कारागार आइपुगेका छन्", ठाकुरले भन्नुभयो, "अन्य कतिपयले फोन सम्पर्क गरी आउन लागेको बताएका छन्।" भागेकामध्ये अधिकांश कैदी/थुनुवा फर्कने ठाकुरलाई विश्वास बढेको छ। आफूले बुधबार कार्यालयबाटै भागेका कैदी/थुनुवालाई फर्कन गरेको अपिलको सकारात्मक प्रभाव परेको उहाँको ठम्याइ छ।

"हामीले कैदी/थुनुवालाई तपाईंहरू फर्कनोस्, कुनै सर्त र थप कार्वाही हुँदैन भनेर अपिल गर्‍यौँ", ठाकुर भन्नुहुन्छ, "त्यो अपिल सुने/पढेपछि उहाँहरूको मन फिरेको छ, तीन जना आइपुग्नुभयो, अन्य केहीले आउँदैछौँ भन्नुभएको छ।" कारागार कार्यालयले बुधबार विज्ञप्ति जारी गर्दै भागेका कैदी/थुनुवालाई भागेबापत कुनै सजाय नगरिने जनाउँदै २४ घण्टाभित्र आइपुग्न अपिल गरेको थियो। सो अपिलमै स्वेच्छाले नफर्कनेको हकमा खोजी गरेर भेट्टाइँदा थप सजाय गरिने उल्लेख गरिएको थियो।

यसैगरी, मङ्गलबार साँझ जेनजी आन्दोलनको आडमा कारागार भत्काएर भागेका ५७६ जनामध्ये भारतिर पस्ने क्रममा १० जना भारतीय पुलिसको नियन्त्रण रहेका खबर फैलिएको छ। यसबारे जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको समन्वयमा सीमावर्ती भारतीय सुरक्षाकर्मीसँग बुझेर आवश्यक प्रक्रिया अघि बढाइने कारागार प्रमुख ठाकुरको भनाइ छ।

# थप १ सय ९२ जना कैदी नियन्त्रणमा

काठमाडौं, २६ भदौ (रासस)।

नेपाली सेनालगायत अन्य सुरक्षा निकायहरू परिचालन भएपश्चात भदौ २५ गते बेलुका ६ बजेदेखि बिहीबार बिहान ६ बजेसम्म थप १९२ जना कैदीहरूलाई नियन्त्रणमा लिइएको छ।

नेपाली सेनाले बिहीबार विज्ञप्तीमार्फत सप्तरीको राजविराज स्थित जिल्ला कारागारबाट भाग्ने प्रयास गरिरहेका १९२ जना कैदीलाई नियन्त्रणमा लिएको जनाएको छ।

त्यसैगरी कञ्चनपुरको चाँदनीमा भारतीय सीमा सुरक्षा बलले भारततर्फ जाँदै गरेका सात जना कैदीलाई नियन्त्रणमा लिई सेनालाई बुझाएको छ। एक जना कैदीलाई स्थानीयले नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालयलाई बुझाएको र १२ कैदी आफैं कारागारमा हाजिर भएका छन्।

रामेछापस्थित जिल्ला कारागारमा कैदीले बाहिर जान पाउनु पर्ने भन्दै गरेको झडपलाई नियन्त्रणमा लिनका लागि सेनाले चलाएको गोली लग्दा १२ जना कैदी घाइते हुनुका साथै दुई जनाको मृत्यु भएको छ।

त्यसैगरी, काभ्रेपलाञ्चोकको बनेपा-९ स्थित नयाँ बस्तीमा फेला परेको शङ्कास्पद वस्तु नेपाली सेनाले सुरक्षित साथ डिस्पोज गरेको छ। हालसम्म ९४ नाल विभिन्न हतियारहरू बरामद भएको सेनाले जनाएको छ।

# हातहतियारसहित अन्य सामग्री फिर्ता गर्न प्रहरीको आग्रह

काठमाडौं, २६ भदौ (रासस)।

जेनजी गरेको प्रदर्शनका क्रममा प्रहरीसहित अन्य सुरक्षा निकायका हातहतियारलगायत सामग्री फिर्ता गर्न नेपाल प्रहरीले आग्रह गरेको छ।

प्रहरी प्रधान कार्यालयले बिहीबार एक विज्ञप्ति जारी गर्दै यही भदौ २३ देखि २५ गते भएको प्रदर्शनमा सुरक्षा निकायका हतियार, सञ्चार साधन, सवारीसाधन र अन्य भौतिक साधनहरू नियन्त्रणमा लिएको वा कतै फेला पारेमा फिर्ता गर्न आग्रह गरेको हो।

उक्त हातहतियारलगायत अन्य सामग्रीहरू स्थानीय प्रहरी वा सुरक्षा निकायको कार्यालय वा जिल्ला प्रहरी कार्यालय वा प्रहरी कन्ट्रोल रुक १०० वा टोल फ्री नं १६६००१४१५१६ वा नेपाल प्रहरी प्रधान कार्यालयको सम्पर्क नं ९८५१२९३४५९ मा सम्पर्क गरी फिर्ता बुझाउन अनुरोध गरिएको छ।

यस्तै, प्रदर्शनका क्रममा प्रदर्शनकारीहरूले नियन्त्रणमा लिएका प्रहरीको पोसाकहरू दुरुपयोग नगर्न हुन र सोसँग सम्बन्धित सूचनाहरू समेत उपलब्ध गराउन सर्वसाधारणहरूलाई अनुरोध गरिएको छ।

# लुटिएका थप हतियार बरामद

काठमाडौं, २६ भदौ (रासस)।

नेपाली सेनाले महाराजगञ्ज इलाकाबाट लुटपाट गर्ने चार जना व्यक्तिसहित सात नाल हतियार र उक्त हतियारका म्यागजिन, राउण्ड, ब्युनेटलगायत एसेसरिज तथा व्यक्तिगत सामग्रीहरू बरामद गरेको।

साथै, विशेष सूचनाका आधारमा बालाजु माछापोखरी इलाकाबाट थप १ (एक) नाल हतियार बरामद गरिएको सेनाले विज्ञप्तिमार्फत जनाएको छ। हालसम्म ७३ नाल हतियार बरामद भएको छ।

यसैगरी, काभ्रेस्थित धुलिखेल जिल्ला कारागारमा कैदीबन्दीको नेपाल प्रहरीसँग झडप भएकामा हाल स्थिति नियन्त्रणमा आएको छ।

त्यसैगरी, डिल्लीबजार कारागारमा लागेको आगो नेपालीसेना तथा अन्य निकायको प्रयासमा नियन्त्रणमा आएको सेनाले जनाएको छ। सुरक्षा फौजले विभिन्न जिल्लामा कारागारबाट फरार कैदीबन्दीमध्ये सप्तरीमा चार, सुनसरीमा २०२, रुकुम (पश्चिम)मा ४३, कपिलवस्तुमा ५० र म्याग्दीमा चार जनालाई पक्राउ गरेको छ।

# बैंक तथा वित्तीय संस्थालाई सेवा सुरु गर्न राष्ट्र बैंकको आग्रह

काठमाडौं, २६ भदौ (रासस)।

सीमित कर्मचारीमार्फत अत्यावश्यक बैङ्किङ तथा डिजिटल भुक्तानीसम्बन्धी सेवा सञ्चालन गर्न नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई आग्रह गरेको छ।

राष्ट्र बैङ्कले सम्पूर्ण इजाजतप्राप्त बैङ्क, विकास बैङ्क, वित्त कम्पनी तथा भुक्तानीसम्बन्धीकार्य गर्ने संस्थालाई व्यवसायिक निरन्तरता दिन भनेको हो। राष्ट्र बैङ्कले बिहीबार यहाँ सार्वजनिक गरेको सूचनामा नेपाली सेनाले भदौ २५ गते जारी गरेको निषेधाज्ञासम्बन्धी व्यवस्थालाई मध्यनजर गर्दै यस्तो व्यवस्था मिलाउन निर्देशन दिइएको उल्लेख छ।

सूचनामा भनिएको छ, "बैङ्क तथा वित्तीय संस्थाले आफ्ना संवेदनशील प्रणाली सीमित कर्मचारीमार्फत सञ्चालन गरी अत्यावश्यक बैङ्किङ तथा डिजिटल भुक्तानीसम्बन्धी सेवा सञ्चालन गर्नुपर्नेछ। अन्य प्रणालीमा भने जोखिमको आधारमा रिमोट एसिसमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्नेछ," नेपाल राष्ट्र बैङ्कले जनाएको छ।

त्यस्तै, सूचनामा आवश्यक सेवा सञ्चालनमा आएका शाखा, एटीएम र उपलब्ध सेवासम्बन्धी जानकारी आफ्नो वेबसाइट र सामाजिक सञ्जालमार्फत सर्वसाधारणलाई जानकारी गराउन सबै संस्थालाई आग्रह गरिएको छ।

# जेनजी आन्दोलनमा तीन प्रहरीको मृत्यु

काठमाडौं, २६ भदौ (रासस)।

जेनजी पुस्ताका नाममा भएको हिंसात्मक प्रदर्शनमा घाइते भएका तीन जना प्रहरीको मृत्यु भएको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले बुधबार उनीहरूको मृत्यु पुष्टि भएको जानकारी दिनुभयो।

उहाँले महाराजगञ्ज प्रहरी वृत्तमा कार्यरत प्रहरी सहायक निरीक्षक मिलन राई र प्रहरी जवान उत्तम थापा तथा कोटेश्वरका प्रहरी जवान अमृत गुरुङको उपचारका क्रममा बुधबार मृत्यु भएको राससलाई जानकारी दिनुभयो।

यो सँगै उक्त आन्दोलनमा मृत्यु हुनेको सङ्ख्या २२ पुगेको छ। यसअघि यही भदौ २३ गते भएको जेनजी पुस्ताको आन्दोलनमा १९ जनाको मृत्यु भएको थियो। अन्य ४०० बढी घाइते भएका थिए।

यसैबीच उहाँले अहिलेसम्म देशभरका विभिन्न कारागारबाट १३ हजार ५०० बढी कैदी तथा ५०० जति थुनुवा पनि फरार भएका जानकारी दिनुभयो। तीमध्ये केहीलाई भने पक्राउ गरिएको उहाँले बताउनुभयो।

*वडा कार्यालयमा ...*

साथै आगजनी गरेका छन्।

वडा कार्यालय तोडफोड गरि कार्यालय भित्र रहेका कम्प्युटर, ल्यपटप, प्रिन्टर, काठको दराज, स्टिल दराज, टेबल, कुर्सी कागजपत्रहरुको फाईल र अन्य सरसमानहरुमा आगो लगाएको प्रहरीले जनाएको छ।


इलाका प्रहरी कार्यालय भारदहबाट गएको प्रहरी टोलीले आगो निभाएको स्थानीयवासीले जनाएका छन्।

*करेन्ट लागेर ...*

हुनेमा स्थानीय ३५ वर्षिया ललिता देवी मण्डल छिन्।

प्रहरीका अनुसार आफ्नै घरको कलमा पानी तान्न जडान गरिएको मोटर चलाउने क्रममा उनी करेन्ट लागेर घाइते भएकी थिइन्।

घाइते अवस्थामा उनलाई उपचारका लागी राजविराजस्थित छिन्नमस्ता अस्पताल भर्ना गर्ने क्रममा चिकित्सकले इसिजि गर्दा मृत घोषणा गरेका थिए।




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np